म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०९)

यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा रही **रोजगार संयोजक (छैटौं तह सरह)** १ (एक) जना करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट) को कार्यालय समय भित्र दरखास्त पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**१. आबश्यक न्युनतम योग्यताः**

- नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह परिक्षा उत्तीर्ण गरेको,
- उमेरको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको,
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारबाही नभएको,
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**२. संलग्न गर्न पर्ने कागजातहरुः**

नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी, माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी, अनुभवको प्रमाणपत्र प्रतिलिपी र अन्य आवश्यक कागजात। शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपीहरु उम्मेदवार स्वयंले हस्ताक्षर सहित प्रमाणीत गरी पेश गर्नुपर्नेछ।

**३. आबेदन शुल्कः** रु. १००० (म्यागङ गाउँपालिकाको हिमालयन बैङ्क, देउराली , नुवाकोट शाखामा रहेको संचित कोष खाता नं. 05707637420048 मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ।)

**४. दरखास्त पेश गर्ने स्थानः** म्यागङ गाउँपालिकाको कार्यालय, देउराली , नुवाकोट (आवेदन फारम गाउँपालिकाको कार्यालयबाट र गाउँपालिकाको वेवसाइट myagangmun.gov.npबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।)

**५. आवेदन पेश गर्ने अन्तिम मितिः** २०७६।०९।२३

**६. तलब र सुविधाः** नियमानुसार

**७. छनौट परिक्षाः** नेपाल सरकार मन्त्रिपरिषदबाट पारित रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम छनौट परिक्षा संचालन गरिनेछ। छनौट परिक्षाको मिति, समय र स्थान आवेदन दर्ता गर्ने म्याद समाप्त भएको मितिले दश दिन भित्र उमेद्वारहरुको प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशित गर्ने समयमा जानकारी गराइनेछ।

**८. सुचनामा उल्लेख भए बाहेक अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड, २०७६ र पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ।**

थप जानकारीको लागिः website: myagangmun.gov.np, फोनः ९८५१२५४०३२, email: myagangrm@gmail.com

..............................

प्रमोद तिमल्सिना

(प्रमुख प्रशासकीय अधिकृत)